आज मिति २०८३ साल जेष्ठ १८ गते शुक्रबारको दिन बिहान १०: ०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को सत्रौ कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय पारित गरियो ।

उपस्थिती:

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| आमन्त्रित | | | |
| | | | |

प्रस्तावहरु:

१.समिक्षा सम्बन्धमा ।

२.स्रोत अनुमान तथा सिमा निर्धारण समितिको निर्णय कार्यान्वयन सम्बन्धमा ।

३.संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड- २०८२ बमोजिम गाउँपालिकाको O&M प्रक्रिया अघि बढाउने सम्बन्धमा सम्बन्धमा ।

४.LGPAS को समीक्षा तथा कार्यान्वयन सम्बन्धमा ।

५.विधेयकको मस्यौदा उपर सुझाव सम्बन्धमा ।

२०८३/०२/१८

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

६. ह्याप्पी इनर्जि प्रा.लि.बाट सामाजिक उत्तरदायित्व वापतको रकम खर्च सम्बन्धमा ।
७.विपद्बाट आकस्मिक पुनःनिर्माणका लागि रकम विनियोजन सम्बन्धमा ।

निर्णयहरुः

**प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नम्बर १ आर्थिक वर्ष २०८२/८३ को स्रोहौं कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा कार्यान्वयन पक्ष सन्तोषजनक रहेको निर्णय सर्वसहमतिले पारित गरियो।

**२.स्रोत अनुमान तथा सिमा निर्धारण समितिको निर्णय कार्यान्वयन सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नम्बर २ उपर छलफल गर्दा मिति २०८३/०२/०७ गते बसेको स्रोत अनुमान तथा सिमा निर्धारण समितिले गरेको निर्णय उपर सिलीचोङ गाउँउपालिकाको आगामि वर्षको प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेट निर्धारित समयमा तयार गर्ने तथा सभा सम्मकै सम्भावित/ कार्यतालिका(सेड्युल) तयार गरी वडा कार्यालय,विषयगत समिति तथा सम्बन्धित शाखाहरुलाई जानकारीका लागि पठाउने निर्णय सर्वसहमतिले पारित गरियो ।

**३.संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड-२०८२ बमोजिम गाउँपालिकाको O&M प्रक्रिया अघि बढाउने सम्बन्धमा सम्बन्धमा ।**

निर्णयःप्रस्ताव नम्बर ३ उपर छलफल गर्दा मापदण्ड बमोजिम आवश्यक पूर्वतयारी तथा आवश्यक प्रक्रिया अघि बढाउने निर्णय सर्वसहमतिले पारित गरियो।

**४.LGPAS को समीक्षा तथा कार्यान्वयन सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा आगामी चालु आ.व. को LGPAS को समिक्षा गर्दा कार्यन्वयन पक्षलाई सबै विषयगत समिति तथा सम्बन्धीत शाखाहरुले जिम्मेवार ढंगले अघि बढाउने निर्णय सर्वसहमतिले पारित गरियो ।

**५.विधेयकको मस्यौदा उपर सुझाव सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिकाको लागि आवश्यक तपशिल बमोजिमको विधेयकको मस्यौदा निर्माणका लागि गठन भएको कानून तर्जुमा मस्यौदा समितिले श्री के एण्ड के एसोसियट सुर्यविनायक-५, भक्तपुरको सहयोगमा तयार गरेको तपशिल बमोजिमको विधेयकको प्रारम्भिक मस्यौदालाई अन्तिम रुप दिन आवश्यक सुझावका लागि पेश गरेको सन्दर्भमा सम्बन्धित विषयगत शाखा तथा सम्वन्धित सरोकारवालाहरुको समेत सुझाव संकलन र समावेश गरी आगामी कार्यपालिकामा विधेयकको अन्तिम मस्यौदा तयार गरी पेश गर्न उक्त समितिलाई निर्देशन दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

तपशिलः

२०८३/०२/१८

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताङ्, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

१. सहकारी विधेयक
२. लैङ्गिक हिंसा निवारण विधेयक
३. स्थानीय पूर्वाधार विकास विधेयक
४. शिक्षा विधेयक
५. बजार व्यवस्थापन विधेयक
६. वातावरण तथा विपद व्यवस्थापन विधेयक
७. विवाद सुनुवाई (उजुरी, कारवाही र किनारा) कार्यविधि विधेयक
८. कृषि तथा पशुपन्छी विधेयक
९. खानेपानि (वितरण र नियमन) विधेयक
१०. सार्वजनिक लिखत प्रमाणिकरण र प्रकाशन विधेयक
११. संस्था दर्ता विधेयक
१२. सार्वजनिक खरिद नियमावली
१३. कर तथा गैह्र कर राजश्व सम्बन्धी विधेयक
१४. स्थानीय सेवा (संचालन र व्यवस्थापन) विधेयक
१५. स्थानीय अभिलेख तथा तथ्यांक (संकलन र व्यवस्थापन) विधेयक जनस्वास्थ्य विधेयक
१६. गाउँ/नगर सभा संचालन नियमावली
१७. स्थानीय उर्जा (उत्पादन, वितरण र नियमन) विधेयक
१८. कार्यपालिकाको कार्य संचालन र कार्य सम्पादन नियमावली

**६. ह्याप्पी इनर्जि प्रा.लि.बाट सामाजिक उत्तरदायित्व वापतको रकम खर्च सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. ७ उपर छलफल गर्दा ह्याप्पी इनर्जि प्रा.लि.वाट सामाजिक उत्तरदायित्व वापतको रकम Ref.No. 273-2082/083 मिति २०८३/०२/०४ गतेको पत्रमार्फत खर्च गर्न सकिने लेखिआएको विषयमा सम्बन्धित वडा कार्यालयहरुले वडा समितिमा समेत छलफल र निर्णय गरी प्रभावित टोल/ वस्तीहरुको मागमा आधारित योजना तथा कार्यक्रमहरु नियमानुसार खर्च गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**७.विपद्बाट आकस्मिक पुनःनिर्माणका लागि रकम विनियोजन सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. ८ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नम्वर १ स्थायी ठेगाना भएका श्री टिकस वहादुर राईको घर प्राकृतिक विपद्कका कारण जोखिममा परि उक्त स्थानमा ग्याविन वाल निर्माणको लागि आवश्यक वजेट विनियोजनका लागि मुलुच्का र वडा कार्यालयको सिफारिस सहित

२०८३।०२।१८

प्रतिमा राई
प्रमुख प्रशासकीय अधिकृत

पेश गरेको सन्दर्भमा विपदबाट प्रभावितहरुलाई आकस्मिक पुनर्लाभ कार्यक्रम संचालनबाट शिर्षकबाट रु. २,५०,०००/- खर्च गर्ने गरी विपद् पुनःनिर्माण गर्ने सर्वसहमतिले पारित गरियो ।

२०८१/०४/१८

प्रतिक्षा राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner